annapurnapost.com

# अन्नपूर्ण पोस्ट

नेपाल संवत् ११४६ | THURSDAY, JULY 2, 2026 | काठमाडौं, इटहरी, बुटवल र कोहलपुरबाट एकैसाथ प्रकाशित | मूल्य : रु. १०



आवरण समाचार

फिफा विश्वकप

# समूह चरणमै कीर्तिमान नै कीर्तिमान

फिफा विश्वकप २०२६ को समूह चरण केवल अर्को चरणको यात्रा तय गर्ने प्रतिस्पर्धामात्र बनेन, यसले विश्व फुटबलमा नयाँ इतिहास, नयाँ कीर्तिमान र नयाँ कथाहरू पनि जन्मायो। पहिलोपटक ४८ टोली सहभागी भएको विस्तारित विश्वकपमा अप्रत्याशित नतिजा, साना राष्ट्रको ऐतिहासिक उदय, स्थापित शक्ति राष्ट्रको निराशाजनक बहिर्गमन र कीर्तिमानको वर्षाले प्रतियोगितालाई झनै रोमाञ्चक बनायो। समूह चरणका यी उपलब्धि र उतारचढावले अब नकआउट चरणलाई अझ रोचक बनाउने छ भने प्रत्येक खेलसँग नयाँ इतिहास लेखिने छ।

विष्णु थापा | *काठमाडौं*

विस्तृत पृष्ठ २

## सबैभन्दा धेरै वर्षा बर्दियामा



**नितु घले** | *काठमाडौं*

जल तथा मौसम विज्ञान विभागले बिहीबार र शुक्रबार पनि देशका अधिकांश ठाउँमा बादल लाग्ने जनाएको छ। मंगलबारबाट देशैभर सक्रिय मनसुन बुधबार हिमाली र तराईका केही स्थानमा सक्रिय देखिएको छ। विभागका अनुसार २४ घण्टाको अवधिमा सबैभन्दा धेरै बर्दियाको मानपुरमा ९५.२ मिलिमिटर वर्षा भएको छ। मुलुकका अन्य स्थानमा ७० देखि करिब ८० मिलिमिटरसम्म वर्षा भएको छ।

विभागका अनुसार बिहीबार र शुक्रबार बागमती, गण्डकी र लुम्बिनी प्रदेशको पहाडी भेगको एक, दुई ठाउँमा भारी वर्षाको सम्भावना रहेको छ। बिहीबार राति गण्डकी, कर्णाली प्रदेशका पहाडी भूभाग र सुदूरपश्चिमका पहाडी र तराईका केही स्थानमा भारी वर्षा हुने विभागले जनाएको छ। शुक्रबार राति भने कोशी, बागमती, गण्डकीका पहाडी भूभागका साथै लुम्बिनी प्रदेशको केही ठाउँमा भारी वर्षा हुने जनाएको छ। अन्य ठाउँका हिमाली र पहाडी भूभागमा मेघगर्जन र चट्याङसहितको वर्षाको सम्भावना रहनुका साथै अन्य स्थानमा वर्षाको सम्भावना रहेको जनाएको छ। राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणका मंगलबारदेखि सुरु भएको वर्षाका कारण १० वटा जिल्ला बाढीबाट प्रभावित भएका छन्। १० जिल्लाका २४ ठाउँमा पहिरो आएको छ। पहिरोमा परी एक जनाको मृत्यु भएको छ। दुई ठाउँमा बाढी आएको विभागले जानकारी दिएको छ।

त्यसैगरी, बाढी पूर्वानुमान महाशाखाले बुधबार झापा, इलाम, पाँचथर, तेह्रथुम, संखुवासभा, सिन्धुपाल्चोक, काभ्रेपलाञ्चोक, काठमाडौं, भक्तपुर, ललितपुर, धादिङ, गोरखा, तनहुँ, लमजुङ, कास्की, नवलपरासी पश्चिम, रूपन्देही, कपिलवस्तु, दाङ, बाँके, बर्दिया, कैलाली, डंडेलधुरा आसपासका जिल्ला भई बग्ने ससाना नदीहरू बहाव उल्लेख्य बढ्ने र आकस्मिक बाढीको मध्य जोखिमको सम्भावना छ। त्यसैगरी बिहीबार कोशी, मधेस, बागमती, गण्डकी, लुम्बिनी प्रदेश भई बग्ने धेरैजसो ससाना नदीहरू र कर्णाली र सुदूरपश्चिम प्रदेशका ससाना नदीहरूमा पनि आकस्मिक बाढी आउन सक्ने जानकारी दिएको छ।

शुक्रबार पनि कोशी, मधेस, बागमती, लुम्बिनी, प्रदेश भई बग्ने ससाना नदीहरूका साथ कर्णाली र सुदूरपश्चिम प्रदेशका नदीहरूमा समेत बहाव बढ्न सक्ने बाढी पूर्वानुमान महाशाखाले जानकारी दिएको छ। १९ गतेसम्म नै यी प्रदेशका नदीहरू सामान्यदेखि उल्लेख्य रूपमा बढ्ने जनाएको छ।

# सरकारले गर्न थाल्यो धमाधम नियुक्ति

## त्रिवि सेवा आयोगमा पूर्वसचिव थापा

**सुरेन्द्र काफ्ले** | *काठमाडौं*

वालेन्द्र शाह नेतृत्वको सरकार हरेक क्षेत्रमा प्रतिस्पर्धाबाट नियुक्त गर्ने वाचा गरेको थियो तर पछिल्लो दिनमा धमाधम विभिन्न निकायमा नियुक्त गर्न थालेको छ।

त्रिभुवन विश्वविद्यालय (त्रिवि) सेवा आयोगको अध्यक्षमा नेपाल सरकारका पूर्वसचिव तथा वरिष्ठ सहरी योजनाविद् किशोर थापा नियुक्त भएका छन्। त्रिभुवन विश्वविद्यालयका कुलपतिसमेत रहेका प्रधानमन्त्री शाहले थापालाई सेवा आयोगको अध्यक्ष बनाएका छन्।

थापा विवेकशील साझा पार्टीमा आबद्ध भएर २०७४ सालको स्थानीय तह निर्वाचनमा काठमाडौं महानगरपालिकाको मेयर पदका उम्मेदवारसमेत बनेका थिए। विद्यासुन्दर शाक्यले मेयर जित्दा थापाले तेस्रो धेरै मत ल्याएका थिए। त्यो बेला हालकी काठमाडौं क्षेत्र नम्बर १ की सांसद रञ्जु दर्शनाले दोस्रो धेरै मत ल्याएकी थिइन्।



किशोर थापा



शैलेन्द्र झा



तीर्थ श्रेष्ठ

आर्किटेक्ट इन्जिनियर रहेका थापाले सहरी विकास, शिक्षा तथा पर्यटन मन्त्रालयमा सचिवको जिम्मेवारी सम्हालिसकेका छन्। उनले सहरी योजनामा स्नातकोत्तर अध्ययन गरेका छन् र आवास नीति तथा सहरी व्यवस्थापनका विषयमा विशेषज्ञता राख्छन्। सरकारी सेवाबाट अवकाश पाएपछि उनी बागमती सरसफाइ अभियानमा समेत सहभागी हुँदै आएका छन्। उनी एसएलसीका बोर्ड फर्स्ट हुन्। सेवा आयोगको सदस्यमा प्रा. डा. रेजिना मास्केलाई नियुक्त गरिएको छ।

शिक्षा तथा खेलकुदमन्त्री सस्मित पोखरेलले शैलेन्द्र झालाई सल्लाहकार बनाएका छन्। झा हाल अमेरिकी विदेश मन्त्रालयको प्रतिष्ठित ह्युबर्ट एच. हम्फ्रे फेलोसिपअन्तर्गत अमेरिकाको भ्यान्डरबिल्ट विश्वविद्यालयमा अध्ययन तथा व्यावसायिक अनुसन्धानमा संलग्न छन्।

झा काठमाडौं महानगरपालिकाको सहरी योजना आयोगमा शिक्षा, प्रविधि तथा सामाजिक नवप्रवर्तन हेर्ने बोर्ड सदस्य रहेका थिए। टिचर्स फर नेपालमा काम गरिसकेका झा बीआईटीएस लिडर इन्टरनेसनल प्रालिका संस्थापक अध्यक्ष छन्। उनले जर्मनीबाट सूचना तथा सञ्चार इन्जिनियरिङ, फिलिपिन्सबाट विकास व्यवस्थापन तथा बंगलादेशबाट एप्लाइड इकोनोमिक्समा स्नातकोत्तर उपाधि हासिल गरेका छन्। पशुपति क्षेत्र विकास कोषको सदस्यसचिवमा तीर्थ श्रेष्ठलाई बनाइएको छ। पशुपति क्षेत्र विकास कोषका अध्यक्षसमेत रहेका संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री खडकराज पौडेल (गनेश) ले वरिष्ठ गीतकार, साहित्यकार तथा कवि श्रेष्ठलाई कोषको सदस्यसचिव बनाएका छन्।

**वायुसेवामा पनि नियुक्ति**

नेपाल वायुसेवा निगममा ५ जना सदस्य नियुक्त गरेका संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री पौडेलको निर्णय अदालतबाट उल्टिएसँगै पदवहाल भइसकेका सदस्य हटाइएका छन्। अदालतको आदेशपछि यसअघि नियुक्त भएका निगमका सञ्चालक सदस्यहरू डा. दीपकप्रसाद बास्तोला, प्रवीण भट्टराई, महेश्वरभक्त श्रेष्ठ, रूपा लामिछाने र लीलाराज ढकालको नियुक्ति रद्द गरिएको छ। मन्त्रालयले सर्वोच्चको आदेशबमोजिम नै योग्यताक्रमका आधारमा उपेन्द्रबहादुर कार्की, डा. दीपकप्रसाद बास्तोला र महेश्वरभक्त श्रेष्ठलाई नियुक्त गरेको छ।

## सार्वजनिक सवारी भाडा २ प्रतिशतसम्म घट्दै

**काठमाडौं** (अन्नपूर्ण) : सार्वजनिक सवारीको भाडा १ देखि २ प्रतिशतसम्म घट्ने भएको छ। पेट्रोलियम पदार्थको मूल्य घटेसँगै सार्वजनिक यातायातको भाडादर समायोजन गर्न लागिएको हो। नेपाल यातायात व्यवसायी राष्ट्रिय महासंघले सरकारलाई भाडादर समायोजन गर्न आग्रह गरेको छ।

नेपाल आयल निगमले मंगलबार रातिदेखि पेट्रोलमा प्रतिलिटर २० रुपैयाँ र डिजेलमा ३० रुपैयाँ मूल्य घटाएको थियो। यसैसँगै संघमा चल्ने सार्वजनिक सवारीसाधनको भाडा १ देखि २ प्रतिशतसम्म घट्ने भएको छ। महासंघका महासचिव डेकनाथ निरौलाका अनुसार स्वचालित मूल्य प्रणालीअन्तर्गत भाडा समायोजन गर्न सरकारसँग माग गरिएको छ।

निरौला भन्छन्, 'भाडा घटाउने भनिएको होइन, मूल्यवृद्धि हुँदा पनि समायोजन हुनुपर्‍यो। घट्दा पनि समायोजन हुनुपर्‍यो। अन्तर्राष्ट्रिय प्रणालीअनुसार भाडा समायोजन हुनुपर्छ भन्ने हाम्रो आग्रह हो।' यातायात व्यवस्था विभागले वैज्ञानिक भाडा प्रणालीअनुसार नयाँ दररेट निर्धारणका लागि आवश्यक प्राविधिक गृहकार्य सुरु गरेको छ।

» बाँकी पृष्ठ ६

# धोबीघाटमा के गर्दै थिए चिनियाँ नागरिक ?

## शंकास्पद गतिविधिमा संलग्न ९ चिनियाँ नागरिक नियन्त्रणमा

**अजवी पौड्याल** | *काठमाडौं*

ललितपुरको धोबीघाट र चोभारमा घर भाडामा लिई शंकास्पद गतिविधि गर्ने ९ चिनियाँ नागरिक पक्राउ परेका छन्। उनीहरूको साथबाट १८ वटा चिनियाँ राहदानी बरामद गरिएको छ।

अध्यागमन विभागले बुधबार धोबीघाटको चारतले घर र चोभारको एक कम्पनीमा छापा मारेको थियो। विभागका प्रवक्ता टीकाराम ढकालका अनुसार ललितपुरको धोबीघाटस्थित एक घरमा ठूलो संख्यामा चिनियाँ नागरिक शंकास्पद गतिविधिमा संलग्न रहेको सूचनाका आधारमा अध्यागमन विभागले अनुगमन तथा खानतलासी गरेको थियो।

'३ जना चिनियाँ नागरिक र चोभारस्थित ट्रेजर्स प्रालिमा शंकास्पद गतिविधिमा संलग्न अन्य ६ गरी ९ चिनियाँलाई समेत नियन्त्रणमा लिइएको छ,' ढकालले भने, 'अनुसन्धानका लागि १८ थान चिनियाँ राहदानी पनि नियन्त्रणमा लिएका छौं।' धोबीघाटको चारतले घरमा २९ जना चिनियाँ नागरिक बस्दै आएको खुलेको छ। विभागको टोली पुग्दा ११ पुरुष र ११ महिला गरी २२ जना चिनियाँ नागरिक फेला परेका थिए। तीमध्ये ४ जना व्यावसायिक भिसा र अन्य १८ जनासँग टुरिस्ट भिसा रहेको थियो। उनीहरूमध्ये १८ जनासँग मात्रै राहदानी थियो, अन्य ४ जनाले भिसा थप गर्न राहदानी वकिललाई दिएको बताएका छन्।



१८ वटा राहदानी अनुसन्धानका लागि अध्यागमनको टोलीले लगेको छ।

उक्त घर ड्रागन ब्रिज इन्टरनेसनल प्रालिले लिजमा लिएको प्रमाण भेटिएको छ। अनुगमनका क्रममा उक्त घरलाई होस्टल भनिए पनि होस्टल सञ्चालनसम्बन्धी कुनै आधिकारिक साइनबोर्ड, उद्योग दर्ता, स्थानीय तहमा व्यवसाय दर्ता वा अन्य कानुनी कागजात फेला परेन। महिला र पुरुषलाई एउटै आवासमा राखिएको पाइएको छ। आफूलाई होस्टल सञ्चालक बताउने कर्मा शेर्पा र मञ्जु लामाले त्यहाँ बसोबास गर्ने विदेशी नागरिकको अभिलेख वा वास्तविक विवरणसमेत दिन सकेनन्।

अधिकांश चिनियाँ नागरिक पर्यटक भिसामा नेपालमा बसोबास गर्दै चोभारस्थित ट्रेजर्स प्रालि तथा ड्रागन ब्रिज इन्टरनेसनल प्रालिमा काम गर्ने गरेको खुलेको छ। पर्यटक भिसामा नेपाल आएर काम गर्न नियमतः पाइँदैन। भिसाको दुरुपयोग गर्दै अन्य काममा संलग्न रहेको प्रमाण भेटेपछि विभागको टोली अनुगमनमा उत्रिएको हो।

सुमन कार्कीको स्वामित्वमा रहेको उक्त घर ड्रागन ब्रिज इन्टरनेसनल प्रालिले लिजमा सञ्चालन गरिरहेको थियो। अध्यागमन विभागले कीर्तिपुर नगरपालिका-६,चोभारस्थित ट्रेजर्स प्रालिमा पनि अनुगमन गरेको थियो। भारतीय आयुर्वेदिक उत्पादनको प्रदर्शनी केन्द्रका रूपमा सञ्चालन गरिएको उक्त भवनमा अत्यधिक सुरक्षा व्यवस्था, ठूलो संख्यामा सीसीटिभी, निजी सुरक्षा गार्ड परिचालन तथा सर्वसाधारणलाई पूर्णरूपमा प्रवेश निषेध गरिएको थियो।

अनुगमनका क्रममा करिब १८ जना चिनियाँ नागरिक त्यहाँ कार्यरत रहेको र तीमध्ये अधिकांश पर्यटक भिसामा रहेको पाइएको छ। विभागको अनुगमनका क्रममा कर्मचारीहरूको अभिलेख उपलब्ध नगराइएको, राहदानी तथा परिचयपत्र देखाउन अस्वीकार गरिएको, कम्पनीको वास्तविक सञ्चालकबारे कर्मचारीहरू अनभिज्ञ रहेका थिए।

भवनभित्र फोटो तथा भिडियो खिच्न निषेध गरिएको अवस्था फेला परेको छ। भवनका विभिन्न कोठामा 'विदेशीलाई मात्र अनुमति छ' भन्ने स्टिकर टाँसिएको थियो। निजी संस्थाले प्रयोग गर्ने पास कार्डमा नेपालको राष्ट्रिय निशान छाप प्रयोग गरिएको पनि भेटिएको छ।

सीसीटिभीको डाटा रुमसँग जोडिएको झ्यालविहीन अन्धकार कोठामा बाहिरबाट ताल्चा लगाइएको अवस्थामा ७ जना चिनियाँ नागरिक लुकेर बसेको अवस्थामा विभागको टोलीले नियन्त्रणमा लिएको हो। अन्य २ जना फरार भएका छन्। प्रारम्भिक अनुसन्धानका क्रममा केही चिनियाँ नागरिक क्रिप्टो कारोबारमा संलग्न रहेको आशंकासमेत गरिएको छ।

» बाँकी पृष्ठ ६